# निष्क्रिय बिमा रकमको मुनाफा प्रयोग गरिने कल्याणकारी कार्यक्रमबारे जानकारी

विदेशी श्रमिकहरुले क्वारेन्टिन रकम एकमुस्ट तिर्नु पर्दा आउने कठिनाइलाई समाधान गर्न र विदेशबाट भित्रिने कोरोना १९को घटना रोकथाममा योगदान पुऱ्याउन दक्षिण कोरियाबाट 「अस्थायीरुपमा प्रस्थान गरेका विदेशी श्रमिक(E-9)को क्वारेन्टिन खर्चमा सहयोग」 सम्बन्धी जानकारी तल दिइएको छ ।

☐ **सहयोग लिन योग्य**

①**अस्थायीरुपमा कोरियाबाट प्रस्थान गरेका वा कार्यस्थल परिवर्तनपछि कोरिया फर्कने विदेशी श्रमिक** मध्ये ②**साम्सङ् ह्वाजेको कार्य अवधि समाप्ती बिमा गरेका** र ③**क्वारेन्टिन बस्ने ठाँउ नभएर राज्य वा स्थानीय निकायबाट निर्धारित क्वारेन्टिनस्थल प्रयोग** गरि ④**क्वारेन्टिन शुल्कको लागि निवेदन दिएकाको** हकमा

☐ **निवेदन दिने तरिका :** विदेशी श्रमिकले आवेदन फाराम भरेर राज्य वा स्थानीय निकायबाट तोकेको क्वारेन्टिनस्थलबाट एच आर डि कोरियामा निवेदन दिने (फ्याक्स : ०५२-२१०-७०३३)

☐ **सहयोग दिने तरिका :** निष्क्रिय बिमा रकम*बाट भएको मुनाफालाई निर्धारित दायरा भित्रबाट बिना ब्याज प्रयोग गर्न दिने र पछि विदेशी श्रमिकले फिर्ता गर्ने

*विदेशी श्रमिकहरुको कार्य अवधि समाप्ती बिमा, स्वदेश फिर्ति बिमा मध्येबाट बिमा अवधि समाप्त भएपश्चात ३ वर्षसम्म दाबी नगरेमा साम्सङ् ह्वाजेले एच आर डि कोरियालाई हस्तान्तरण गर्ने बिमा रकम

☐ **सहयोग रकम : विदेशी श्रमिकले निवेदन दिएको रकम (१ जना बराबर क्वारेन्टिन शुल्क अधिकतम ७ लाख वन)**

☐ **रकम दिने तरिका : राज्य वा स्थानीय निकायबाट निर्धारित क्वारेन्टिनस्थलमा एच आर डि कोरियाबाट भुक्तानी**

☐ **फिर्ता गर्ने तरिका :**

- विदेशी श्रमिकले **एकमुस्ट भुक्तानी वा किस्तामा भुक्तानी (अधिकतम ७ किस्ता)** *क्वारेन्टिन शुल्क सकयोगको निवेदन दिदा छनौट गर्न सकिने
- विदेशी श्रमिकको मन्जुरी लिएर एच आर डि कोरियाले CMS माध्यमबाट स्वतः पैसा काट्ने

* CMS (Cash Management Service) : प्रत्येक महिना वा तोकिएको अवधिमा पैसा काट्ने मन्जुरी लिएर तोकिएको बैंक खाता वा कार्डबाट स्वतः रकम झिकेर रकम पठाउने सेवा